# केराबारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

केराबारी, मोरङ
कोशी प्रदेश, नेपाल

प.सं.०८०/०८१
च.नं.

मितिः २०८०।१०।१९
११४४ पोहेलागा, ७ शुक्रबार

## सूचना सूचना सूचना

विषयः वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको सूची दर्ता गर्ने सम्बन्धि सुचना।

प्रस्तुत विषयमा यस केराबारी गाउँपालिकाको स्वीकृत कार्ययोजना अनुसार वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको पुनःएकीकरण कार्यक्रम (रेमी) अन्तर्गत वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको पूँजी, प्रविधि, ज्ञान, सीप र अनुभव स्वदेशमा नै उद्यमशीलताको विकास तथा सीपको प्रवर्द्धनमा उपयोग गराई रोजगारी र स्वरोजगारीका अवसर सृजना गरी वैदेशिक रोजगारी माथिको परनिर्भरता क्रमशः कम गर्दै लैजाने उद्देश्यले संचालनमा आएको परियोजना यस गाउँपालिकामा पनि संचालनमा रहेको छ उक्त कार्यक्रमका लागि वैदेशिक रोजगारीबाट फर्किएर आएका व्यक्तिहरुको सूची तयार गर्नुपर्ने भएकाले पुनःएकिकरण कार्यक्रम संचालन तथा व्यवस्थापन निर्देशिका २०७९ को अनुसुची-३ बमोजिमको ढाँचामा यहि मिति २०८०।११।१५ गते सम्ममा आ-आफ्नो सम्बन्धित वडा कार्यालयमा वा रोजगार सेवा केन्द्रमा तपशिलको विवरण सहित निवेदन पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१. पासपोर्ट साइजको फोटो १ प्रति ।
२. राहदानीको फोटोकपि १ प्रति ।
३. नागरिकताको फोटोकपि १ प्रति ।
४. वैदेशिक रोजगारीमा गएको विवरण ।

.............................
सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

ई-मेल: kerabariruralmun@gmail.com, वेभसाइट:www.kerabarimun.gov.np, फोन नं. ०२१-४०३११०